प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## प्राविधिक एस.एल.सी तहको (एक विषय) मौका परीक्षाको परीक्षा आवेदन फाराम भरी वुझाउने वारे सूचना ॥

(सूचना प्रकाशित मिति: २०७६/०३/०३)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सम्बन्धन/स्वीकृती प्राप्त गरी परिषद्का आंगिक, साझेदार, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गरेका तथा निजी स्तरमा प्राविधिक एस.एल.सी. तर्फ विभिन्न विषयमा तालीम सञ्चालन गर्ने शिक्षण संस्थाका लागि परीक्षा सम्वन्धी नियमावली २०७१ को नियम ३ ख (४) वमोजिम २०७५ सालमा सञ्चालन भएको आंशिक तथा नियमित तर्फ भएको वार्षिक तथा अन्तिम परीक्षामा सम्मिलित परीक्षार्थीहरु मध्ये नियमित तर्फका परीक्षार्थीहरु मध्येवाट सैद्धान्तिक तथा प्रयोगात्मक तर्फ एक विषयमात्र अनुतिर्ण भएका आंशिक परीक्षार्थीहरुलाई प्रति विषय परीक्षा शूल्क रु २००। (अक्षेरुपी दूईसय मात्र) सहित तपशिलमा उल्लेख भए वमोजिम सम्वन्धित शिक्षण संस्थाहरुले सम्वन्धित परीक्षार्थीहरुवाट परीक्षा आवेदन फाराम भराई तोकिएको स्थान र मितिमा फाराम वुझाउन हुन सम्वन्धित सवै शिक्षण संस्थाहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### तपशिल:

शर्तहरु:

१. शिक्षण संस्थाहरुबाट आंशिक परीक्षार्थीहरुको आवेदन फारामका साथ फाइल खडा गरी रकम बुझाएको रसिद संलग्न गरी सम्वन्धित प्रदेश तथा साविकको क्षेत्रीय कार्यालयहरुमा दर्ता गर्नुर्नेछ ।
२. परीक्षा आवेदन फाराम साथ हाल सालै खिचिएको दुई प्रति पासपोर्ट साईजको फोटो समावेश गर्नु पर्नेछ ।
३. परीक्षा नियन्त्रण कार्यालयले संचालन गरेको अघिल्लो परीक्षाबाट प्राप्त लब्धाङ्क पत्र/लेजरको फोटोकपी फाराम साथ अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ ।
४. उल्लेखित शर्त पूरा नभएका र तोकिएको समय पछि प्राप्त आवेदन फाराम उपर कुनै कार्यवाही गरिने छैन, त्यसको जवाफदेही परीक्षा नियन्त्रण कार्यालय हुने छैन ।
५. कुनै पनि शिक्षण संस्थाले शर्त पूरा नभएका प्रशिक्षार्थीहरुको परीक्षा आवेदन फाराम नियतवस समावेश गराई यदि प्रशिक्षार्थीहरुले परीक्षा दिएमा त्यस्ता परीक्षार्थीहरुको परीक्षा नतिजा स्वतः रद्ध हुने छ र त्यस्ता शिक्षण संस्थालाई परिषद्को ऐन, नियम तथा विनियम बमोजिम कारवाही हुनेछ ।
६. परीक्षा आवेदन फाराम भर्दा केरमेट, टिपेक्स लगाएको पाईएमा आवेदन फाराम बुझिने छैन ।
७. परीक्षा आवेदन फाराम तथा प्रशिक्षार्थी विवरण समष्टिगत CTEVT को वेवसाईट www.ctevt.org.np वाट डाउनलोड गरी प्रयोग गर्नुपर्ने छ ।

### परीक्षा आवेदन फाराम वुझाउने स्थान, मिति तथा परीक्षा संचालन मिति, समय र परीक्षा केन्द्रहरु :

१. परीक्षार्थीहरुको हकमा : मिति:२०७६ साल आषाढ ३ गते देखि २०७६ साल आषाढ १७ गतेसम्म ।
शिक्षण संस्थाहरुको हकमा (रकम दाखिला गरेको वैक भौचर सहित):२०७६ साल आषाढ १९ गतेसम्म
२. परीक्षा संचालन हुने मिति : २०७५ साल श्रावण, भाद्रमा सञ्चालन भएका सम्पुर्ण विषयहरुका लागि २०७६ साल आषाढ २८ गते शनिवार विहान ७ वजेदेखि र २०७५ साल कार्तिक, मंसिरमा सञ्चालन भएका सम्पुर्ण विषयहरुका लागि २०७६ साल आषाढ २८ गते शनिवार दिउसो २ वजेदेखि ।
३. फाराम वुझाउने स्थान:परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर र साविकका क्षेत्रीय कार्यालयहरुमा ।

**नोट: साविकको मध्य क्षेत्र क्षेत्रीय कार्यालय, चितवन अन्तर्गतका शिक्षण संस्थाहरुले परिषद्को प्रदेश नं ३ कार्यालय, हेटौंडा, मकवानपुरमा आवेदन फाराम बुझाउन हुन ।**

परीक्षा केन्द्रहरु :

१. परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा फाराम वुझाउनेहरुको हकमा : वालाजु स्कूल अफ ईन्जिनियरीङ्ग एण्ड टेक्नोलोजी, वालाजु, काठमाण्डौ ।
२. साविकको मध्य क्षेत्र क्षेत्रीय कार्यालय भरतपुर, चितवनमा फाराम वुझाउनेहरुको हकमा : स्कूल अफ हेल्थ साईन्स, भरतपूर, चितवन ।
३. साविकको पूर्व क्षेत्र क्षेत्रीय कार्यालय, ईटहरी, सुनसरीमा फाराम वुझाउनेहरुको हकमा : श्री आदर्श मा.वि., विराटनगर ।
४. साविकको पश्चिम क्षेत्र क्षेत्रीय कार्यालय, कोहलपुर, वांकेमा फाराम वुझाउनेहरुको हकमा : श्री भेरी प्राविधिक शिक्षालय नेपालगञ्ज, वांके ।

परीक्षा नियन्त्रक

नोटः यो सूचना CTEVT को वेभसाईट www.ctevt.org.np मा पनि हेर्न सकिने छ ।